Email ID:
tilathikoiladigp@gmail.com

# तिलाठी कोईलाडी गाउँपालिका

तिनाठी कोर्इनाडी गाउँपानिका

## गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी,
मधेश प्रदेश, नेपाल

प.सं. :- ०८०/०८१ मिति : २०८०।०४।३२
च.नं. :

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/३२ गते

उपरोक्त सम्बन्धमा यस तिलाठी कोइलाडी गाउँपालिकाअन्तर्गत तपसीलमा उल्लेखित पदहरुमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसील बमोजिमको कागजात तथा राजस्व बुझाएको रसीदसहित आवेदन दिन यो सूचना प्रकाशित गरिएको हो ।

तपसील

| विज्ञापन नं. | पद | तह | संख्या | दस्तुर |
|---|---|---|---|---|
| १/०८०/०८१ | कृषि स्नातक | अधिकृत छैठौं स्तर | १(एक) | रु. १०००/- |
| २/०८०/०८१ | रोजगार सहायक | सहायक पाचौं तह सरह | १(एक) | रु. १००० /- |
| ३/०८०/०८१ | सहायक कम्प्युटर अपरेटर | सहायक पाचौं तह सरह | ५(पाँच) | रु.७०० /- |
| ४/०८०/०८१ | कार्यालय सहयोगी | श्रेणी विहिन | ६(छ) | रु.५०० /- |
| ५/०८०/०८१ | हलुका सवारी चालक | सहायक प्रथम तह सरह | २(दुई) | रु.५०० /- |
| ६/०८०/०८१ | सुरक्षा गार्ड | श्रेणी विहिन | ८(आठ) | रु.५०० /- |

**१. आवेदकको न्युनतम योग्यता र अनुभव :**

**१.१ कृषि स्नातकको हकमा**

क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण ।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिला र अपाङ्गको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

**१.२ रोजगार सहायकको हकमा**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**१.३ सहायक कम्प्युटर अपरेटरको हकमा**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिला र अपाङ्गको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

Email ID:
tilathikoiladigp@gmail.com


ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**२. दरखास्त दिने स्थान** : तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, तिलाठी सप्तरी

**३. दरखास्त दिने अन्तिम मिति** : २०८०/०५/१३ गते । दरखास्त दिने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

**४. छनौटको किसीम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा

**५. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयम्ले लेखेको हस्तलिखित निवेदनसँगै प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरु

क) नागरिकता
ख) कामसँग सम्बन्धित अनुभव भए सो को कागजात
ग) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
घ) तालिमको प्रमाणपत्र
ङ) चारित्रिक प्रमाणपत्र
(च) २ प्रति पासपोर्ट साइजको फोटो

**६. सेवा सुविधा तथा अन्य** : नियमानुसार

**७. रोजगार सहायकको हकमा** आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

Email ID:
tilathikoiladigp@gmail.com

# तिलाठी कोईलाडी गाउँपालिका
तिनाठी कोंअनाडी गाउँपानिका
## गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी,
मधेश प्रदेश, नेपाल

प.सं. :- ०८०/०८१
च.नं. :

मिति : २०८०।०४।३२

पोषण स्वयम्सेवक सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/३२ गते

उपरोक्त सम्बन्धमा यस तिलाठी कोइलाडी गाउँपालिकाअन्तर्गत तपसीलमा उल्लेखित पदहरुमा खुला प्रतिस्पर्धाको माध्यमबाट एक जना पोषण स्वयम्सेवक सेवा करारमा पदपूर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसील बमोजिमको कागजात तथा राजस्व बुझाएको रसीदसहित आवेदन दिन यो सूचना प्रकाशित गरिएको हो ।

**तपसील**

| विज्ञापन नं. | पद | संख्या | दस्तुर |
|---|---|---|---|
| ७/०८०/०८१ | पोषण स्वयम्सेवक | १(एक) | रु. ५००/- |

**१. आवेदकको न्युनतम योग्यता र अनुभव :**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह (कक्षा १२) उत्तीर्ण ।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । महिलाको हकमा ४० बर्ष ननाघेको ।

ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**२. दरखास्त दिने स्थान** : तिलाठी कोइलाडी गाउँपालिकाको कार्यालय, तिलाठी सप्तरी

**३. दरखास्त दिने अन्तिम मिति** : २०८०/०५/१४ गते । दरखास्त दिने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

**४. छनौटको किसीम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा अन्तर्वार्ता

**५. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयम्ले लेखेको हस्तलिखित निबेदन तथा आवेदन फारमसँगै प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरु

क) नागरिकता
ख) कामसँग सम्बन्धित अनुभव भए सो को कागजात
ग) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
घ) तालिमको प्रमाणपत्र
ङ) चारित्रिक प्रमाणपत्र
(च) २ प्रति पासपोर्ट साइजको फोटो

**६. सेवा सुविधा** : नियमानुसार

प्रमुख प्रशासकीय अधिकृत